लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय, दाङ**

# मासिक जनस्वास्थ्य बुलेटिन

आ. वः २०८२/८३ बर्षः पहिलो अंकः १२ असार २०८३

## असार महिनाका प्रमुख उपलब्धिहरु

- ✓ जिल्ला पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम
- ✓ सामाजिक परीक्षणसम्बन्धी क्षमता विकास तालिम
- ✓ सामुदायिक तथा संस्थागत बिद्यालयका १० वर्षदेखि १९ वर्ष उमेर समुहका किशोरीहरुको रक्तअल्पता परीक्षण
- ✓ स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड कार्यक्रमको पालिकास्तरीय समीक्षा कार्यक्रम
- ✓ स्तनपान परामर्शकर्ताको लागि तालिम
- ✓ पोषणमैत्री स्वास्थ्य संस्था अभियान विस्तारमा स्थानीय तहहरुलाई सहजीकरण कार्यक्रम

## असार महिनाका प्रमुख उपलब्धिहरु

- ✓ कुष्ठरोग विरामी सक्रिय खोजपड्ताल, LPEP कार्यक्रम
- ✓ कालाजार रोग नियन्त्रणसम्बन्धी स्वास्थ्यकर्मीलाई अभिमुखीकरण
- ✓ डेंगु रोग नियन्त्रणका लागि वहस तथा पैरवी
- ✓ प्रजनन् रुग्णता सेवाअन्तर्गत एकीकृत प्रजनन् रुग्णता शिविर तथा जनचेतनामुलक कार्यक्रम
- ✓ विद्यार्थीहरुको लागि एचआइभी सम्बन्धी अभिमुखीकरण
- ✓ विषयगत कार्यक्रमहरुको स्थलगत अनुशिक्षण तथा सहयोगात्मक सुपरिवेक्षण

## असार महिनामा सम्पादन गरिएका मुख्य/मुख्य क्रियाकलापहरुबारे थप जानकारी

**जिल्ला पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रमम:** जिल्ला समन्वय समितिका प्रमुख नित्यानन्द शर्माज्यूको संयोजकत्व, लुम्बिनी प्रदेश सरकारका स्वास्थ्य मन्त्री रामजी प्रसाद घिमिरेज्यूको प्रमुख आतिथ्यता र स्थानीय तहका प्रमुख, प्रमुख जिल्ला अधिकारी लगायतका विशिष्ट अतिथिहरुको उपस्थितिमा असार १९ गतेका दिन जिल्लालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्ने कार्यक्रम भव्यताका साथ सम्पन्न भएको थियो। कार्यक्रममा उपस्थित सबै सहभागीहरुबाट खोप अभियानको सफलता र निरन्तरताको लागि समेत प्रतिवद्धता समेत व्यक्त भएको थियो।

**सामाजिक परीक्षणसम्बन्धी क्षमता विकास तालिम:** स्थानीय तह स्वास्थ्य शाखा प्रमुख तथा स्वास्थ्य चौकी प्रमुखहरुको सहभागितामा असार ३ र ४ गते घोराहीस्थित भिंग्रली भिलेज होटेलमा सामाजिक परीक्षणसम्बन्धी क्षमता विकास तालिम सञ्चालन भएको थियो। तालिमको सहजीकरण बसन्त थापा, बुद्धिराम पन्थी र स्वास्थ्य कार्यालय दाङका प्रमुख टि वि गुरुङले गर्नुभएको थियो।

hodang@lumbini.gov.np ०८२-५६०००५ ho.lumbini.gov.np

**डेंगु रोग नियन्त्रणका लागि वहस तथा पैरवी:** प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखलगायत करिव ३० जना सरोकारवालाहरुको उपस्थितिमा जिल्ला प्रशासन कार्यालय दाङमा डेंगु रोग नियन्त्रणका लागि वहस पैरवीसम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको थियो। कार्यक्रमको सहजीकरण डा.धिरज जैसवाल र कार्यक्रम फोकल पर्सन कमल चन्दले गर्नुभएको थियो।

**कालाजार रोग नियन्त्रणसम्बन्धी स्वास्थ्यकर्मीलाई अभिमुखीकरण:** स्वास्थ्यकर्मीहरुको उपस्थितिमा तुलसीपुर उपमहानगरपालिका स्थित होटेल सत्कारमा यो कार्यक्रम सञ्चालन गरिएको थियो।कार्यक्रममा उपमहानगरपालिका स्वास्थ्य प्रवर्धन शाखा प्रमुख ओम.पि. न्यौपाने, डा. रविन गौतम र डा. सन्दिप खड्काले सहजीकरण गर्नु भएको थियो।

**सामुदायिक तथा संस्थागत बिद्यालयका १० वर्ष देखी १९ वर्ष उमेर समुहका किशोरीहरुको रक्तअल्पता परीक्षण:** यस कार्यक्रमअन्तर्गत लमही, राप्ती, गढवा, तुलसीपुर र घोराहीका विभिन्न विद्यालहरुमा दोस्रो चरणमा १० वर्ष देखी १९ वर्ष उमेर समुहका ४००० बढी किशोरीहरुको रक्तअल्पता परीक्षण गरिएको थियो।

**विद्यार्थीहरुको लागि एचआइभी सम्बन्धी अभिमुखीकरण कार्यक्रम:** तुलसीपुरका २; बबई, राप्ती र लमहीका १/१ सामुदायिक विद्यालयहरुमा विद्यार्थी लक्षित एचआइभी सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो।कार्यक्रमको सहजीकरण सम्बन्धित स्थानीय तहका स्वास्थ्यकर्मी र स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत/निरीक्षकहरुले गर्नुभएको थियो।

**स्तनपान परामर्शकर्ताको लागि तालिम:** स्तनपानसम्बन्धी ज्ञान, सीप र धारणामा परिवर्तन गर्ने एवम् स्तनपानको संरक्षण, प्रवर्धन तथा स्तनपानमैत्री वातावरण बनाउन सहयोग पुर्‍याई सबै प्रकारका कुपोषण न्यूनीकरण गर्ने मुख्य उद्देश्यले जिल्लास्थित विभिन्न स्वास्थ्य संस्थाका ३३ जना नर्सिङ स्वास्थ्यकर्मीहरुको सहभागितामा यो तालिम घोराहीमा सम्पन्न भएको थियो।कार्यक्रमको सहजीकरण जनस्वास्थ्य प्रशासक टि वि गुरुङ, डा. सिर्जना पौडेल र कार्यक्रम फोकल पर्सन गजेन्द्र यादवले गर्नुभएको थियो।

**पोषणमैत्री स्वास्थ्य संस्था अभियान विस्तारमा स्थानीय तहहरुलाई सहजीकरण कार्यक्रम:** स्वास्थ्य संस्थाहरूमा पोषण विशेष सेवाहरूलाई थप चुस्त दुरुस्त बनाउँदै पोषणमैत्री स्वास्थ्य संस्थाको रुपमा विकास गर्ने उद्देश्यका साथ स्थानीय तह स्वास्थ्य शाखा प्रमुख तथा स्वास्थ्य संस्था प्रमुखहरुको सहभागितामा २ व्याचमा यो कार्यक्रम सञ्चालन भएको थियो।कार्यक्रमको सहजीकरण जनस्वास्थ्य प्रशासक टि वि गुरुङ, नर बहादुर वि.क. र कार्यक्रम फोकल पर्सन गजेन्द्र यादवले गर्नुभएको थियो।

**कुष्ठरोग विरामी सक्रिय खोजपड्ताल, LPEP कार्यक्रम:** स्वास्थ्य संस्थाहरुमा कुष्ठरोग उपचारको लागि दर्ता भएका विरामी तथा प्रभावितहरु (Index Case) को सम्पर्कमा रहेका परिवार तथा छिमेकीहरुको सम्पर्क जाँच गरी शुरु अवस्थामा नै रोग पत्ता लगाई उपचार व्यवस्थापन गर्ने साथै कुष्ठरोग संक्रमणलाई न्यूनीकरण गर्ने उद्देश्य राखेर यो कार्यक्रम सञ्चालन गरिएको थियो।कार्यक्रममा १ जना कुष्ठरोगको बिरामी फेला परेका थिए भने जिल्लामा उपचाररत सबै कुष्ठरोग विरामीको परिवार, छिमेक तथा सामाजिक सम्पर्कमा रहेका २३४० जना व्यक्तिहरुलाई Rifampicin औषधीको एक मात्रा खुवाइएको थियो।

**प्रजनन् रुग्णता सेवा अन्तरगत एकिकृत प्रजनन् रुग्णता शिविर तथा नजचेतनामुलक कार्यक्रम:** सेवाको पहुँच नपुगेका स्थानहरुको छनौट गरी जिल्लाका ३ वटा स्थानमा शिविर सञ्चालन गरिएको थियो।कार्यक्रममा प्रजनन उमेरका महिलाहरुमा भएका समस्याको पहिचान गरी डाक्टर तथा तालिम प्राप्त नर्सिङ कर्मचारीहरुबाट उपचार तथा निशुल्क औषधी वितरण गरिएको थियो।

## सुझाव र प्रतिक्रियाका लागि


**सूचना अधिकारी**
नामः प्रेम प्रकाश खड्का
पदः अधिकृत लेखा
फोन नम्बरः ९८५७८६०००५
ईमेल ठेगानाः khadkapremprakash2@gmail.com

**गुनासो सुन्ने अधिकारी**
नामः शरद कुमार घिमिरे
पदः अधिकृत छैठौं
फोन नम्बरः ९८४७८२०३८८
ईमेल ठेगानाः sharad20ghimire@gmail.com

## कार्यक्रमसम्बन्धी फोटोहरु




दाङ जिल्ला पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा सभा



LPEP कार्यक्रम



कुष्ठरोग विरामी सक्रिय खोजपड्ताल



१०-१९ वर्ष उमेर समुहका किशोरीहरुको रक्तअल्पता परीक्षण



पोषणमैत्री स्वास्थ्य संस्था अभियान विस्तारमा स्थानीय तहहरुलाई सहजीकरण कार्यक्रम



खाद्य पदार्थको पोषण प्रवर्धन तथा विषादीको असर न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम



स्तनपान परामर्शदाताको लागि तालिम कार्यक्रम




स्तनपान परामर्शदाताको लागि तालिम कार्यक्रम

dphodang@gmail.com,
hodang@lumbini.gov.np
०८२-५६०००५
ho.lumbini.gov.np